# धनौजी गाउँपालिका

# Dhanauji Rural Municipality

## गाउँकार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

धनौजी, धनुषा (Dhanauji, Dhanusha)

मधेश प्रदेश, नेपाल (Madhesh Province, Nepal)

पत्र संख्या (Letter No.) :- २०८०/०८१

चलानी न (Ref. No.) :-

मिति (Date) :- २०८०/०८/२५

**सुचना !** **सुचना !!** **सुचना !!!**

**बिषय :- लाभग्राहीको विवरण प्रविष्ट गर्दा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गर्ने सम्बन्धमा |**

उपरोक्त सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण विभागको प.स.२०८०/०८१ , च.नं.२४३ मिति २०८०/०७/१९ गते र प.स. २०८०/०८१ च.नं. २५९ मिति २०८०/०८/१८ गतेको प्राप्त पत्रानुसार " **१६ बर्ष भन्दा माथिको ब्यक्तिलाई अब उप्रान्त नयाँ लाभग्राहीको रुपमा प्रणालीमा विवरण प्रविष्ट गर्दा राष्ट्रिय परिचयपत्र नम्बर लाई अनिवार्य गर्न गराउन र हाल कायमरहेको लाभग्राहीहरुका उपलब्ध भए सम्म राष्ट्रिय परिचयपत्र नम्बर संकलन गरि प्रणालीमा अध्यावधिक गर्दै जाने** " व्यहोरा जानकारी प्राप्त भएकोले सोहि बमोजिम गर्न गराउन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ |

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

१. श्री वडा कार्यालयहरु सबै , धनौजी गाउँपालिका :- वडाको सुचना पाटि र मुख्य – मुख्य स्थानमा सूचना टाँस गरिदिनुहुन |

२. श्री सूचना प्रबिधि शाखा , गा.पा. को वेबसाईट तथा सामाजिक संजालमा upload गरिदिनुहुन |

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

पत्र संख्या :- २०८०।८१
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- २४९

सिंहदरबार,
काठमाडौं, नेपाल

मितिः २०८०।०८।१८

बिषय :लाभग्राहीको विवरण प्रविष्ट गर्दा राष्ट्रिय परिचय नम्बर अनिवार्य गर्ने सम्बन्धमा।

श्री स्थानीय तह, सबै ।

सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई त्रुटिरहित बनाउन यस विभागको मिति २०८०/०७/१९ गतेको पत्रको प्रकरण नं. ४ बाट १६ वर्ष भन्दा माथिको व्यक्तिलाई अब उप्रान्त नयाँ लाभग्राहीको रुपमा विवरण प्रविष्ट गर्दा राष्ट्रिय परिचय नम्बर अनिवार्य गराउन अनुरोध भएकोमा केही स्थानीय तहबाट राष्ट्रिय परिचय नम्बरको स्थानमा काल्पनिक १० अंक राखी नयाँ लाभग्राही विवरण प्रविष्ट गरिएको देखिएकाले सम्बन्धित लाभग्राहीको राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गरी प्राप्त भएको वास्तविक राष्ट्रिय परिचय नम्बर मात्रै प्रविष्ट गर्नुहुन निर्णयानुसार अनुरोध छ।

बोधार्थ:

श्री जिल्ला/इलाका प्रशासन कार्यालय, सबै: सामाजिक सुरक्षा भत्ताका लाभग्राही राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराउन आउँदा निजहरुलाई प्राथमिकतामा राखी आवश्यक सहजीकरण हुन।

(समीर भण्डारी)
शाखा अधिकृत

सम्पर्क नं.: ४२०००१६, ४२०००१४, ४२००८९४, ४२११५६१, टोल फ्रि नं. : १६६००१९६६६६
Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
donidcrplanning@gmail.com, account@donidcr.gov.np, Website: www.donidcr.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या :- २०८०।०८१

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- २८२

२०८०/०७/१९

मितिः

विषयः- लाभग्राहीहरुको विवरण शुद्किरण सम्बन्धमा ।

श्री स्थानीय तह सबै ।

प्रस्तुत बिषयमा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिक तहाँ मार्फत भैरहेको सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई सरल, सहज, वैज्ञानिक, पारदर्शी र जवाफदेही बनाउन यस बिभागबाट Vital Event Registration and Social Protection (VERSP) प्रणालीको विकास र सञ्चालन भैरहेको व्यहोरा विदितै छ ।उक्त प्रणालीलाई थप प्रभावकारी बनाउन महालेखा नियन्त्रक कार्यालय र बिभिन्न बैंक तथा वित्तीय संस्थाहरु संग अन्तरआवद्दता गरिएको छ । निकट भविष्यमा राष्ट्रिय परिचयपत्र प्रणाली लगायतका प्रणालीहरुसँग अन्तरआवद्दता गर्दै लगिने योजना रहेको छ । प्रणाली सञ्चालनको क्रममा कतिपय स्थानीय तहबाट लाभग्राहीको विवरण प्रविष्ट र अध्यावधिक गर्दा विभिन्न प्रकृतिको त्रुटी हुने गरेको पाईएकोले देहाय अनुसार लाभग्राहीको विवरण अध्यावधिक/ शुद्किरण गर्न गराउन हुन आदेशानुसार अनुरोध छ ।

देहायः

१. लाभग्राहीको विवरण प्रणालीमा प्रविष्ट गर्ने क्रममा कतिपय लाभग्राहीको साना तिना विवरण फरक पारी एकै व्यक्तिलाई फरक-फरक लाभग्राहीको रुपमा प्रविष्ट गरेको समेत पाईएको छ ।त्यस्तो कार्य ऐनको दफा २१ को उपदफा (१) को खण्ड (घ) बमोजिमको कसुर हुने भएको र संलग्नहरु जिम्मेवार र जवाफदेही हनुपर्ने विषयलाई ध्यानमा राखी त्यस्तो कार्य नगर्न नगराउन र भए गरेको भएमा अविलम्ब विवरण अध्यावधिक गर्न गराउन,
२. कतिपय मृत्यू भएका, बसाई सरी अन्यत्र गएका वा अन्य कारणले लगत कट्टा गर्नुपर्ने लाभग्राहीको समयमै लगत कट्टा गर्नु पर्नेमा त्यसो नगरी लामो समयसम्म भत्ता वितरण भैरहेको देखिन्छ। त्यस्ता लाभग्राहीको तत्काल लगत कट्टा गरी भुक्तान भएको भत्ता रकम ऐनको दफा २१ को उपदफा (२) बमोजिक रकम असुल उपर गर्न गराउन,
३. कुनै एक स्थानीय तहमा लाभग्राही रहेका कतिपय व्यक्तिले बसाई सराईको नक्कली कागजात बनाई अर्को स्थानीय तहमा समेत लाभग्राही भएको देखिएकोले बसाई सराईको हकमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा २० बमोजिम लाभग्राहीको लगत हस्तान्तरण फारामका आधारमा मात्र लाभग्राही कायम गर्न गराउन,
४. १६ बर्ष भन्दा माथिको व्यक्तिलाई अब उप्रान्त नयाँ लाभग्राहीको रुपमा प्रणालीमा विवरण प्रविष्ट गर्दा राष्ट्रिय परिचयपत्र नम्बर लाई अनिवार्य गर्न गराउन,
५. हाल कायम रहेका लाभग्राहीहरुका उपलब्ध भए सम्म राष्ट्रिय परिचयपत्र नम्बर संकलन गरी प्रणालीमा अध्यावधिक गर्दै जाने,
६. नयाँ लाभग्राहीहरुको हकमा सम्बन्धित वडाको सामाजिक सुरक्षा भत्ता वितरणका लागि सम्झौता भएको बैंक तथा वित्तीय संस्थामा खोलेको बैंक खाता नम्बर अनिवार्य रुपमा प्रणालीमा प्रविष्ट गर्ने ।

६/१९

(जुना खड्का क्षत्री)

शाखा अधिकृत

सम्पर्क नं.: ४२०००१६, ४२०००१४, ४२००८९४, ४२११५६१, टोल फ्रि नं. : १६६००१९६६६६
Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
donidcrplanning@gmail.com, account@donidcr.gov.np, Website: www.donidcr.gov.np